नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ६व.वि.०७४/०७५ नं.
च. नं. :- ३०

मिति:- २०७४/०६/२४

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला वन कार्यालय,
सवै ।

उपरोक्त बिषयमा भूकम्प प्रभावित कतिपय जिल्लाहरुमा भूकम्पले भत्केका घरमा रहेका पुराना काठहरु ओसारपसार गर्न बाँकी रहेको र स्थानीय जनताहरुबाट यस्ता काठहरुको ओसारपसार गर्न माग भइ आइरहेकोले भूकम्प प्रभावित जिल्लाहरुमा भूकम्पबाट भत्केका घरका काठ र काठजन्य सामाग्री ओसारपसार (स्थान्तरण) गर्ने कार्यविधि २०७२ को म्याद थप हुन निर्णय निकासा माग गरी तहाँ विभागबाट पेश भएको म.नि.पि.द.नं. २५/०७४/०४/२५ को फाइल उपर कार्वाही हुँदा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७४/०६/०९ को निर्णयमा भूकम्प प्रभावित जिल्लाहरुमा भूकम्पबाट भत्केका घरका काठ र काठजन्य सामाग्री ओसारपसार (स्थान्तरण) गर्ने कार्यविधि २०७२ को म्याद २०७४ चैत्र मसान्तसम्म हुने गरी व्यवस्था गर्ने भनी निर्णय भएको हुनाले सोही अनुसार गर्ने व्यवस्था हुन अनुरोध छ भनी वन तथा भू-संरक्षण मन्त्रालयको च.नं. ८४ मिति २०७४/०६/१० को पत्र प्राप्त भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७४।०६।२४

.......................
सवनम पाठक
(सहायक वन अधिकृत)